का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ वैशाख २०८०,
बुधबार
10 May 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १०४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नक्कली शरणार्थी प्रकरणको छायाँमा प्रि–बजेट छलफल

विगतमा पनि संसदमा भ्रष्टाचार नियन्त्रणको विषय उठ्ने गर्दथ्यो । यस पटक चर्को गरी उठ्यो । कारण - नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोह उपरको अनुसन्धान नेपाल प्रहरीले गरिरहेको छ ।



**विश्वप्रकाश शर्मा**
महामन्त्री
नेपाली कांग्रेस

भुटानी शरणार्थीको फाइललाई सरकारले निष्कर्षकमा पुन्याउनुपर्छ । अब भ्रष्टाचारका विरुद्ध फाइल मात्रै होइन, राज्यले फायर खोल्नुपर्छ । सँगै निर्दोष कोही फस्नुहुन्न । दोषी कोही बच्नु पनि हुन्न ।'



**पदम गिरी**
प्रमुख सचेतक
एमाले

सरकारले भ्रष्टाचारसम्बन्धी एउटा फाइलमाथि अनुसन्धान अगाडि बढाएका कारण त्यसको विषयमा सदनमा छलफल हुनु स्वभाविक हो । छलफलको उद्देश्य निष्पक्ष छानबिन होस्, पूर्वाग्रह नराखियोस् भन्ने खबरदारी पनि हो ।



**माधव सापकोटा**
सांसद
माओवादी केन्द्र

सरकार भ्रष्टाचारका फाइलहरु खोल्ने र मुलुकमा सुशासन कायम गर्नेतिर लागेका कारण त्यसको प्रभाव संसदमा देखा परेको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ वैशाख ।

राष्ट्रिय सभामा प्रिबजेट छलफल सकिएको छ । आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) बारेको छलफल आइतबार, सोमबार र मंगलबार भयो । तीन दिनको अवधिमा करिब ४० जना सांसदले भाग लिए। मंगलबार अर्थमन्त्री डा. प्रकाशरण महतले सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिएपछि प्रि बजेट छलफल सकिएको हो ।

प्रतिनिधिसभामा भने प्रि बजेट छलफल जारी छ । आइतबार, सोमबार र मंगलबार प्रतिनिधिसभामा एक सय बढी सांसदले प्रि बजेट छलफलमा भाग लिए। बुधबार पनि केही सांसदले धारणा राख्ने तय भएको छ । बुधबार नै अर्थमन्त्रीले सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिएपछि प्रतिनिधिसभामा पनि प्रि बजेट छलफल सकिनेछ ।

यस वर्ष संघीय संसदको दुवै सदनमा भएको प्रिबजेट छलफलमा आगामी वर्षको सिद्धान्त र प्राथमिकता सम्बन्धमा उठेको मुख्य विषय हो - भ्रष्टाचार नियन्त्रण। नीतिगत भ्रष्टाचारको विषय पनि उठाइएको छ । भ्रष्टाचार नियन्त्रण गर्ने विषयलाई प्राथमिकतामा राखेर बजेट बनाउन अधिकांश सांसदको सुझाव छ । विगतमा पनि भ्रष्टाचार नियन्त्रणको विषय प्राथमिकताका साथ उठ्ने गर्दथ्यो । तर, यस पटक चर्को गरी उठ्यो । कारण - नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोह उपरको अनुसन्धान नेपाल प्रहरीले गरिरहेको छ। यस प्रकरणमा पूर्वमन्त्री देखि सचिवसम्म संलग्न रहेको आरोप लागेको छ। नेकपा एमालेका सचिव टोप बहादुर रायमाझी नै यस प्रकरणमा संलग्न रहेको आरोप लागेपछि फरार छन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणले यस वर्षको प्रिबजेट छलफललाई छायाँमा पारेको स्वीकार गर्छन नेकपा एमालेका प्रमुख सचेतक पदम गिरी । 'सरकारले भ्रष्टाचार सम्बन्धी एउटा फाइलमाथि अनुसन्धान अगाडि बढाएका कारण त्यसको विषयमा सदनमा छलफल हुनु स्वभाविक हो' उनी भन्छन्, 'छलफलको उद्देश्य निष्पक्ष छानबिन होस्। पूर्वाग्रह नराखियोस् भन्ने खबरदारी पनि हो ।'

नेपाली कांग्रेसका महामन्त्री तथा सांसद विश्वप्रकाश शर्मा सरकारले भ्रष्टाचारविरुद्ध फाइल मात्रै नभइ फायर खोल्नुपर्ने बताउँछन् ।

मंगलबार प्रतिनिधिसभा प्रिबजेटमाथिको छलफलमा भाग लिँदै उनले भने, 'भुटानी शरणार्थी सन्दर्भको जुन फाइल खोलिएको छ। यसलाई सरकारले निस्कर्षकमा पुर्याउनुपर्छ भन्नेकुरा भ्रष्टाचारका बिरुद्ध फाइल मात्रै होइन। मलाई लाग्छ राज्यले फायर खोल्नुपर्छ । सँगै निर्दोष कोही फस्नुहुन्न। दोषीकोही बच्नु पनि हुन्न ।' महामन्त्री शर्माले सरकारले ल्याएको भ्रष्टाचार नियन्त्रण ऐन २०५९ को संशोधनमा भ्रष्टाचारको छानबिन गर्न पाँच वर्षको हद म्यादको प्रश्ताव राख्नु शून्य सहनशिलताको नीतिसँग विरोधाभास हुने पनि बताए। उनले वर्तमान संदनले आगामी २०९५ सालसम्म नेपाललाई विकसित बनाउन भिजन ९५ बनाउन आवश्यक रहेको बताए । उनले वितेको १० वर्षमा अर्बौंको बेरुजु र भ्रष्टाचार

»» पृष्ठ २ मा

## 'सामाजिक सुरक्षा भत्ता कटौती हुँदैन'



प्रिबजेट छलफलमा भाग लिँदै कतिपय सांसदहरुले सामाजिक सुरक्षा भत्ता कटौती हुन सक्ने चर्चाको विषयमा प्रष्टता खोजेका थिए। जवाफमा अर्थमन्त्री डा. प्रकाशशरण महतले हाल वितरण भइरहेको सामाजिक सुरक्षा भत्ता कटौती नहुने बताएका छन् ।

सरकारले आर्थिक रुपमा अप्ठ्यारो परेको भन्दै सामाजिक सुरक्षा समयमा उपलब्ध गराउन समेत नसकेको समाचार आइरहेका बेला यो कार्यक्रम नै कटौती गर्ने हुने हो कि भनी सरकारलाई प्रश्न गरेका थिए ।

मंगलबार राष्ट्रियसभामा बजेटका सिद्धान्त

»» पृष्ठ २ मा

## कर्मकाण्डी बजेट अधिवेशन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ वैशाख ।

हरेक वर्षहरुमा जस्तै यो वर्षपनि संसदमा बजेट अधिवेशन सुरु भएर सांसदले आफ्नो धारणा राख्ने क्रम जारी छ । तर, गतवर्षमा जस्तै यो वर्षपनि संसदको बजेट अधिवेशन कर्मकाण्ड पूरा गर्ने थलो मात्रै बन्ने देखिएको छ । गत आईतबारबाट सुरु भएको अधिवेशनमा सांसदहरुले अघिल्लो सदनमा भन्दा भिन्न प्रस्तुति दिन सकेकै छैनन् । कोही सांसदहरु आरोपप्रत्यारोपमा मात्रै उत्रिरहेका छन्, कोही सदनमा उभिएर लामो भाषणका सुझाव मात्रै प्रस्तुत गरिरहेका छन् ।

मंगलबारको संसद बैठकमा पनि सांसदहरुबीचको आरोपप्रत्यारोप रोकिएन । संसद बैठकमा भुटानी शरणार्थी प्रकरणको टेप काण्डको अनुसन्धान माग गर्दा महिला हिंसा भएको भन्ने अभिव्यक्ति दिएकी नेपाली कांग्रेसकी सांसद आर्जु राणा र रास्वपाकी सांसद तोसिमा कार्कीबीच आरोप प्रत्यारोप सुरु भएको छ। सांसद कार्कीले आर्जुलाई व्यंग्य गर्दै भनिन्-'एक महिला माननीयज्यूले भन्नुभयो टेप काण्डको अनुसन्धान माग गर्दा महिला विद्रोही भयो, महिला हिंसा भयो। मलाई उत्तर दिनुपर्‍यो। भ्रष्टाचारमा कहाँ लिङ्ग जोडिएको हुन्छ? भ्रष्टाचारीमात्र होइन यहाँ चिनारी फेरेर राष्ट्रघात भएको छ। अपराध भएको छ कारबाही हुनुपर्छ,' उनले भनिन् ।

त्यतिमात्रै होईन, उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले आफू मन्त्री पदमा हुँदा संसदलाई आरोपप्रत्यारोपको थलो बनाउन नहुने बताएका थिए । तर, पुनर्निर्वाचित भएर संसदमा प्रवेश गरेपछि प्रतिपक्षी दलमाथि दोष थुपार्न सुरु गरिसकेका छन् । उनीमात्रै होईन, एमाले, कांग्रेस, माओवादी, समाजवादी र जसपा लगायतका दलपनि आरोपप्रत्यारोपको राजनीतिबाट बाहिर निस्कनै सकेका छैनन् ।

### ■ सधैं सुझाव: कार्यान्वयन कहिले ?

संसदको बजेट अधिवेशनमा वर्षेनी जस्तै सांसदहरुको सुझाव वर्षेनी जस्तै आउने क्रम जारी छ। अर्थतन्त्र सुधार्न, अर्थतन्त्रको आकार बढाउन, फजुल खर्च कटौती गर्न र बजेटको व्यवस्थापन गर्नका लागि सांसदहरुले दर्जनौं सुझाव दिईरहेकै छन् । तर, कार्यान्वयन गर्ने पाटोमा भने उनीहरु चुक्दा पूँजीगत खर्चको अवस्था वर्षेनी दयनीय हुन्छ भने असारे विकासले बजेटसक्ने बाहेकको उपलब्धि हासिल गर्ने सकेको छैन । सो विषयलाई स्वीकार गर्दै कतिपय सांसदहरु भने संसद मजाकको थलो मात्रै बनिरहेको बताउँछन् । ' हाम्रा प्रस्तुति र

»» पृष्ठ २ मा

# टोपबहादुर रायमाझी सम्पर्कमा आउनुपर्ने एमालेको निष्कर्ष

गृह मन्त्रालयमा रहेको भुटानी शरणार्थीको नामावलीसम्बन्धी फाइल संशोधन गरेर नेपाली नागरिकको नाम समावेश गरेर अमेरिका पठाउने तयारी भइरहेको यस घटनामा संलग्नको आशंकामा पक्राउ परेकाहरुबाट रायमाझीको पनि सम्बन्ध खुलेको थियो ।



एमाले कानून र विधिको शासन मान्ने पार्टी भएको हुनाले कमरेड टोपबहादुर रायमाझीले विधिपूर्वक अनुसन्धान गर्ने प्रक्रियालाई सघाउनुपर्ने पार्टीको निर्णय छ ।

■ **पृथ्वीसुब्बा गुरुङ**
**उपमहासचिव, एमाले**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ वैशाख ।

नेकपा एमालेले आफ्नो पार्टीका सचिव टोपबहादुर रायमाझी सम्पर्कमा आउनुपर्ने एमालेको निष्कर्ष निकालेको छ । रायमाझीले प्रहरीको सम्पर्कमा आएर अनुसन्धान र कानूनी प्रक्रियालाई सघाउनुपर्ने एमालको ठहर छ ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने कार्यमा संलग्न भएको आरोप रायमाझीलाई लागेको छ। आरोप लागेका रायमाझीको नाममा प्रहरीले पक्राउ पूर्जी जारी गरेको छ। त्यसपछि रायमाझी फरार छन् ।

सोमबार एमालेको स्थायी कमिटी बैठक बसेको थियो। पार्टी कार्यालय, च्यासलमा बसेको स्थायी कमिटी बैठकमा नक्कली भुटानी शरणार्थी प्रकरणको बारेमा छलफल भएको थियो। आफ्नो पार्टीको नेता नै जोडिएका कारण एमालेले स्थायी कमिटीको बैठकमै यस विषयमा छलफल गरेको हो। छलफलमा रायमाझीलाई तत्काल निलम्बनमा राख्नुपर्ने मत समेत प्रकट भएको थियो । तर, बैठकले कुनै ठोस निर्णय लिएन ।

प्रचार विभाग प्रमुख एवं उपमहासचिव पृथ्वीसुब्बा गुरुङका अनुसार टोपबहादुर रायमाझी सम्पर्कमा आउनुपर्ने र अनुसन्धानलाई सघाउनुपर्ने निष्कर्षमा एमाले पुगेको हो ।

बैठकपछि गुरुङले पत्रकारहरुसित भनेका छन्, 'कानून र विधिको शासन मान्ने पार्टी भएको हुनाले कमरेड टोपबहादुर रायमाझीले

»» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# साउदी दूतावास नै भीएफएस प्रणालीको तयारीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ वैशाख

नेपालस्थित साउदी अरेबियाको दूतावासले भीएफएस प्रणालीबाट भिसा प्रदान गरेर सेवा प्रवाहलाई सहजीकरण गर्ने बताएको छ ।

नेपालका लागि साउदी राजदूत साद अबुहैमेद र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिमण्डलबीच मंगलबार दूतावासमा भएको छलफलमा राजदूत अबुहैमेदले साउदी सरकारले पनि निकट भविष्यमा भीएफएस प्रणालीबाट भिसा प्रोसेसिङ गर्ने गरी तयारी गरेको आशय व्यक्त गरेको छलफलमा सहभागी

»» पृष्ठ २ मा

## जेहन्दार विद्यार्थीलाई नेवा: समाजको सहयोग



**काठमाडौं/मस**- वैदेशिक रोजगार व्यवसायी नेवा: समाजले शिवपुरी माध्यमिक (प्राविधिक) विद्यालयमा अध्ययनरत एक छात्रालाई आर्थिक सहयोग तथा शैक्षिक सामग्री प्रदान गरेको छ ।

मंगलबार विद्यालयमा आयोजित एक कार्यक्रममा समाजका अध्यक्ष किसन प्रधानले

»» पृष्ठ २ मा

## वैदेशिक रोजगारबाट फर्किंदा दुई वटा मोबाइल ल्याउन पाइने

**काठमाडौं/रासस**- वैदेशिक रोजगारीबाट फर्केका नेपालीले दुई वटा मोबाइल ल्याउन पाउने भएका छन् । यसअघि एउटा मात्र मोबाइल भन्सार प्रक्रिया पूरा गरेर ल्याउन पाउने सुविधा थियो ।

श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा गई कम्तीमा लगातार छ महिना काम गरी फर्केका

»» पृष्ठ २ मा

**लक्की एचआर सोलुसन प्रा.लि. को सार्वजनिक भनाइ**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्न इजाजत प्राप्त यस **लक्की एचआर सोलुसन प्रा.लि.**को नाम जोडेर साउदी अरबका लागि भिसा सेन्टरको नाममा डकुमेन्ट तथा पासपोर्ट संकलन गर्न खोजेको भन्ने विभिन्न कोणहरुबाट भैरहेको चर्चाप्रति यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । यस कार्यप्रति यस संस्थाको कुनै संलग्नता नरहेको र यसबारे यस संस्थालाई कुनै जानकारीसमेत नरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

LUCKY HR Solution (Pvt) Ltd
श्रम इजाजत नं. ८७५/०६६/०६७

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४
Email- info@merocvs.com / info@luckyhrsolution.com

**VACANCY ANNOUNCEMENT**

यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**Public Relations Officer - 2 (Male/Female)**

सम्बन्धित काममा ३/४ बर्षको अनुभव भई अंग्रेजीमा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।

तलब आपसी सहमतिमा

Send us your CV: Email : info@succesnepalhr.com successnepalhr@gmail.com

01-4110567
9851166641
9851346116
9851346117
9851346118

SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.
Lic No. 1128/073/074
Sinamangal-09, Tara Hall Chowk, Kathmandu

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ वैशाख २०८०, बुधबार
10 May 2023, Wednesday

# एकैपटक ४४ सहसचिवको सरूवा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ वैशाख



सरकारले एकै पटक ४४ सहसचिवको सरूवा गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषदको बैठकले ४४ जना सहसचिवको सरूवा गर्ने निर्णय गरेको हो ।

सरूवा हुनेमा भर्खरै नियुक्त भएका देखि पुराना सहसचिव रहेको संघीय मामिला मन्त्रालयले जनाएको छ । संघीय मामिला तथा सामान्य प्रशासनमा कार्यररत अर्जुन भण्डारीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सरूवा गरिएको छ भने भरत खनाललाई सुदूरपश्चिम प्रदेश प्रमुखको कार्यालयमा सरूवा गरिएको छ ।

यस्तै संघीय मामिला तथा सामान्य प्रशासनमै कार्यरत सहसचिव कृष्णप्रसाद धितालालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा सरूवा गरिएको छ। यस्तै कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा कार्यरत प्रदेश सचिव ज्ञानेन्द्र प्रासद ढकाललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा तानिएको छ ।

यस्तै कोशी प्रदेशको मुख्यमन्त्री कार्यालयमा कार्यरत अर्का प्रदेश सचिव सुरेश न्यौपानेलाई कोशी प्रदेशकै नीति तथा योजना आयोगमा सरूवा गरिएको छ ।

यस्तै सरकारले सहकारी क्षेत्रको समग्र सुधारका निम्ति कार्यदल गठन गरेको छ । त्यसैगरी सरकारले नेपाल कृषि वन सेवा समीकरणको सचिव पदमा रेवतीरमण पौडेललाई बढुवा गर्नुका साथै झिटिगुन्टासम्बन्धी नियमावलीलाई संशोधन गर्ने भएको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकबारे जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले कोहलपुर वितरणका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने भन्ने निर्णय गरिएको बताइन् ।

उनले भनिन्, 'ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्तावमा ढल्केबर-वाणगङ्गा १३२ केभी प्रसारण लाइन निर्माणका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउन अधिकारी तोक्ने भन्ने निर्णय भएको छ ।' मन्त्रिपरिषद्को बैठकले कोहलपुर वितरण केन्द्रका लागि जग्गा प्राप्ति गर्ने र प्राविधिक कारबाही चलाउनको निम्ति सम्बन्धित प्रशासकीय अधिकृत अधिकारीलाई तोक्ने पनि निर्णय गरेको छ ।

## नक्कली...

मुलुकको सामु रहेको बताए । नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटा सरकारले भ्रष्टाचार विरोधी कार्यमा तदारुकता देखाएकाले सोही अनुसार बजेट ल्याउन सांसदहरुले सुझव दिनु सकारात्मक भएको बताउँछन् । उनी भन्छन्, 'सरकार भ्रष्टाचारका फाइलहरु खोल्ने र मुलुकमा सुशासन कायम गर्नेतिर लागेका कारण त्यसको प्रभाव संसदमा देखा परेको हो ।'

## कर्मकाण्डी...

गतिविधिहरु त्यति वाञ्छनीय देखिँदैनन् । सदन सिंगो मुलुकको भविष्य निर्माण गर्ने ठाउँ हो तर, यसलाई केही माननीयहरुले मजाक गर्ने थलोको रुपमा दुरुपयोग गर्नुभएको छ', नेकपा माओवादी केन्द्रकी सांसद दुर्गा राईले भनिन् । उनले सदनको गरिमालाई मर्यादित बनाउनु सबै सांसदको कर्तव्य, दायित्व र जिम्मेवारीको भएको हुँदा गम्भीर बन्न पनि सुझाव दिएकी छिन् । यता, अर्थमन्त्री प्रकाशरण महत भने आश्वासन र विश्वस्त भएको अभिव्यक्ति दिनमै व्यस्त छन् । विनियोजन विधेयक २०८०/८१ को सिद्धान्त तथा प्राथमिकताबारे उठेका प्रश्नको मंगलबार जवाफ दिंदै अर्थमन्त्री महतले सरकारले बजेटमार्फत अनावश्यक खर्च घटाउने, नचाहिने संरचनाहरु हटाउने र पूँजीगत खर्च बढाउने भन्दै राष्ट्र बैंकले पनि मौद्रिक नीतिमार्फत ब्याजदर घटाउनेमा विश्वस्त रहेको दाबी गरेका छन् । बजेटमाथि पर्याप्त छलफल होस् भनेर पूर्वबजेट छलफल १५ दिन अगावै सक्नुपर्ने नियम भएपनि अधिवेशन पनि ढिलामात्रै सुरु भएको छ । तर, उक्त अधिवेशन पनि कर्मकाण्डी मात्रै बन्न पुग्दा आलोचना चुलिन थालेको छ ।

## सामाजिक...

र प्राथमिकतामाथि उठेका प्रश्नहरुको जवाफ दिँदै अर्थमन्त्री डा. महतले भने, 'सामाजिक सुरक्षाका विषयमा केही आशंका उठेका छन्, तर हामीले प्रतिवद्धता गरेका सामाजिक सुरक्षाका विषय कटौती हुँदैन' उनले भने, हामीले बोलिसकेका कुराबाट पछि हट्दैनौं ।' मन्त्री डा. महतले सरकारको सम्पूर्ण ध्यान मितव्ययितातर्फ केन्द्रित हुने र साधारण खर्च घटाउन केन्द्रित हुने पनि बताए । 'सरकारको ध्यान अनावश्यक संरचना घटाउने, पुँजीगत खर्च प्रभावकारी बनाउनेतिर हुनेछ' उनले भने । अर्थतन्त्र चलायमान बनाउने अहिले देखिएको निराशाको बादल अन्त्य गर्ने पनि अर्थमन्त्री डा. महतले बताएका छन् ।

## टोपबहादुर...

विधिपूर्वक कानुन पूर्वक अनुसन्धान गर्ने प्रक्रियालाई सघाउनुपर्ने हाम्रो निर्णय छ ।'

यस विषयमा एमालेको शीर्ष नेतृत्वले गम्भीर रुपमा चासो राख्दै आएको छ । एमालेका सचिव टोपबहादुर रायमाझीविरुद्ध पक्राउ पुर्जी जारी भएपछि अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री प्रचण्डसँग पटक-पटक भेटेका छन् । मंगलबार पनि प्रधानमन्त्री निवास वालुवाटारमा एमाले अध्यक्ष ओली, प्रधानमन्त्री प्रचण्ड र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच छलफल भएको छ । गृह मन्त्रालयमा रहेको भुटानी शरणार्थीको नामावलीसम्बन्धी फाइल संशोधन गरेर नेपाली नागरिकको नाम समावेश गरेर अमेरिका पठाउने तयारी भइरहेको यस घटनामा संलग्नको आशंकामा पक्राउ परेकाहरुबाट रायमाझीको पनि सम्बन्ध खुलेको थियो ।

## साउदी...

संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

छलफलमा संघका अध्यक्ष राजेन्द्र भण्डारी, महासचिव भुर्तेल र कार्यसमिति सदस्य तथा संघको साउदी अरब मामिला प्रमुख वैकुन्ठ पौडेल (वैभव) सहभागी थिए ।

हाल साउदी अरबमा कामदार पठाउन भिसा प्राप्त गर्ने विषयमा भएका कठिनाइ तथा साउदी दूतावासले दिनुपर्ने सेवा सुविधाका विषयमा दूतावास गम्भीर भएको संघले बताएको छ । छलफलपछि दूतावासले ब्लक भएको इन्जाजित र दूतावासद्वारा खोसिएका साउदी आइडी क्रमशः प्रक्रियागतरूपमा खोल्ने सहमति राजदूत अबुहैमेदले जनाएको पनि संघले जनाएको छ ।

संघले इन्जाजित ब्लक भएका र दूतावासद्वारा आइडी खोसिएका व्यवसायीले संस्थाको आफ्नो पालो अनुसार दूतावासले माग गरेका आवश्यक कागजातसहित दूतावासको कन्सुलर शाखामा सम्पर्क गर्नुपर्ने बताएको छ ।

हालसम्म साउदी दूतावासको आइडी नभएका व्यवसायीहरुको हकमा नयाँ आइडी बनाउनका निम्ति साउदीका रोजगारदाता कम्पनीबाट प्राप्त भएका मागपत्रको सक्काल प्रतिसहित दूतावासको कन्सुलर शाखाबाट माग भएबमोजिम आवश्यक कागजातसहित सम्पर्क गर्न पनि संघले जनाएको छ ।

भीएफएस प्रणालीबाट भिसा प्रदान गर्ने दूतावासको तयारीलाई धेरै व्यवसायीहरूले सिण्डिकेटको संज्ञा दिएका छन् । मंगलबारको छलफलमा राजदूत अबुहैमेदसँग व्यवसायीको चिन्ता र सरोकारबारे पर्याप्त चासो र जिज्ञासा राखिएको भन्दै महासचिव भुर्तेलले भीएफएस प्रणालीमा कुनैपनि नेपाली व्यवसायी र नेपाली कर्मचारीको संलग्नता नरहने र पूर्णरूपमा साउदी सरकारको नियन्त्रणमा रहने बताएको मध्यान्हलाई बताए ।

भिसा प्रोसेसिङ शुल्कको हकमा नेपालमा रहेका युरोपेली मुलुकका भीएफएस प्रणाली सरह सेवा शुल्क लिने जानकारी दिएको पनि महासचिव भुर्तेलले बताए । भीएफएस प्रणाली लगाएका युरोपेली मुलुकमा भिसा प्रोसेसिङ शुल्क ६ अमेरिकी डलर रहेकाले साउदी अरबको हकमा पनि सोही हाराहारीमा शुल्क लाग्न सक्ने तर ठोस जानकारी नपाएको महासचिव भुर्तेलले बताए ।

## जेहन्दार...

उक्त विद्यालयको कक्षा १० मा अध्ययनरत सफलता भुसाललाई एक वर्षको शैक्षिक शुल्कसहित पाठ्यपुस्तक र शैक्षिक सामग्री प्रदान गरे । अध्यक्ष प्रधानले उक्त विद्यालयमा अध्ययनरत छात्रा आर्थिक समस्यामा रहेको जानकारी पाएपछि व्यवसायी संस्थाको सामाजिक उत्तरदायित्वको जिम्मेवारी अन्तर्गत सहयोग प्रदान गरिएको बताए । अध्यक्ष प्रधानले भने, 'जसलाई अति जरुरी छ, त्यस्ता परिवारका सन्तानलाई क्षमताले भ्याएसम्म सहयोग गर्ने संस्थाको उद्देश्य रहेको छ ।'

समाजमा चाहेर पनि अध्ययन गर्न नपाएको अवस्था बढी रहेको भन्दै वास्तविक समस्यामा रहेकालाई सहयोग गर्न उनले अन्य व्यवसायीहरूलाई समेत आह्वान गरे । अध्यक्ष प्रधानले सामाजिक उत्तरदायित्व पूरा गर्न समाजले निकट भविष्यमा एम्बुलेन्स सेवा सञ्चालन गर्न लागेको समेत बताए । महासचिव देवेन्द्र श्रेष्ठले पनि सामाजिक उत्तरदायित्वको भावनाले सहयोग गरेको जानकारी दिए । 'मर्दा पर्दा नेवाः समाज' भन्ने सामाजिक सेवाको उद्देश्य राखेर समाज क्रियाशील रहेको भन्दै उनले आगामी दिनमा संस्थागत तथा व्यक्तिगत सहयोगलाई तीव्रता दिने बताए । काठमाडौं वडा नं ३ का वडा सदस्य कृष्णराज चालिसेले जेहन्दार तथा विपन्न परिवारका विद्यार्थीलाई छात्रवृत्ति दिने समाजको कार्य सराहनीय रहेको भन्दै शैक्षिक उन्नयनमा सहयोगका लागि समाजलाई धन्यवाद दिए । विद्यालयका प्रध्यानाध्यापक प्रकाश सुवेदीले पनि समाजले गरेको सहयोगप्रति आभार व्यक्त गरे । त्यस अवसरमा समाज कार्यसमिति पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

## वैदेशिक...

नेपाली नागरिकले आफ्नो साथमा थप एक थान नयाँ सेलुलर मोबाइल फोन ल्याउन पाउने भएका हुन् । अर्थमन्त्री डा. प्रकाशशरण महतले गरेको यस्तो प्रस्ताव मंगलबार साँझ बसेको मन्त्रिपरिषद्ले पारित गरेको उनको सचिवालयले जनाएको छ ।

विसं २०७७ जेठ १५ गते प्रकाशित सूचनामा भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) अनुसार डेस्कटप कम्प्युटर वा ल्यापटप, ट्याप, घडी, क्यामरा, भिडियो क्यामरा र प्रयोग गरिरहेको सेलुलर मोबाइल फोन एक-एक थान ल्याउन पाउने व्यवस्था थियो । तर मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले वैदेशिक रोजगारीमा छ महिना काम गरेर फर्किएकालाई थप एक थान मोबाइल फोन ल्याउन पाउने सुविधा दिएको हो ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०२/०२ मा दर्ता भएको **प्रा.लि. नं. ३९४७७** को **एब्रोड ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०९/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



# Dordi Rural Municipality
# Office of Rural Municipal Executive
**Nauthar, Lamjung**

## Invitation for Bids for Gaupalikako Prashasahnik Bhawan Nirman

***Contract Identification DORDI/NCB/W/04/079-080***
***Date of publication: 2080/01/27***

Dordi Rural Municipality has allocated funds and received a grant from Government of Nepal towards the cost of Gaupalikako Prashasahnik Bhawan Nirman and intends to apply part of the funds to cover eligible payments under the Contract for DORDI/NCB/W/04/079-080. Bidding is open to all eligible bidders as per Section V of bidding document.

Dordi Rural Municipality invites electronic bids from eligible bidders for Gaupalikako Prashasahnik Bhawan Nirman under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in egp system as per the provision of ITB 21 of the Bidding Document.

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Dordi Rural Municipality, Nauthar, Lamjung, 9856046264 or dordigaupalika073@gmail.com*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. A complete set of Bidding Documents must be downloaded for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document **NRs. 5,000.00 (non refundable)** in the account as specified below .

***Information to deposit the cost of bidding document in Bank:***

| |
|---|
| Name of the Bank:Global IME Bank Ltd. |
| Name of Office: Dordi Rural Municipality Lamjung |
| Account Name: Mul sanchit Khata |
| AccountNo:Q104010000003 |
| Cost of Bidding Document: Nrs. 5,000.00 |

***Information to deposit the bid Security amount in Bank:***

| |
|---|
| Name of the Bank:Global IME Bank Ltd. |
| Name of Office: Dordi Rural Municipality Lamjung |
| Account Name: Dharauti Khata Ga.4.3 |
| AccountNo:Q104010000002 |
| Bid Security: Nrs. 2244000 |

3. Pre-bid meeting shall be held at Dordi Rural Municipality Office, Nauthar, Lamjung, Gandaki Province Nepal at 2023/06/18 13:00 hours.
4. Electronic bids must be submitted to the office Dordi Rural Municipality, Lamjung, Nauthar, Lamjung, Gandaki Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 09-06-2023 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09-06-2023 13:00 hours at the office of Dordi Rural Municipality- Nauthar, Lamjung -Gandaki Province Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 2244000 which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject any or all the bids without assigning reason, whatsoever.
8. Matters not covered above shall be as per the latest amendment of Public Procurement act & its regulation.

| Contract No. | Description | Bid Security Amount | Bid Document fee | Remarks |
|---|---|---|---|---|
| DORDI/NCB/W/04/079-080 | Gaupalikako Prashasahnik Bhawan Nirman | 22,44,000/- (NRs 2.244 Million only) | Five Thousand. (Non Refundable) | Electronic Bid only |



# Qatar मा Security Guard हरूलाई रोजगारको अवसर

**Company: Al Sraiya Security Services, Doha, Qatar** पून:विज्ञापन

पूर्व स्वीकृती मिति २०७९।०४।२७ चलानी नं. ६०१८७५२४ LT.No. 271787

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 33 | - | काममा दक्ष | 1500 | ५३,७६१।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**अन्तर्वार्ता २०८० जेठ ३ गते (17 May, 2023) मेनपावर कार्यालय लाजिम्पाटमा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोषको व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी** :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

ROYAL OVERSEAS NEPAL
**रोयल ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत नं. १६६/०५६/०५७
लाजिम्पाट काठमाण्डौ फोन नं.:-०१-४४२११५६/४४३२२४४



# SAUDI मा रोजगार

कम्पनी: **HARAM SUDAIR GENERAL CONTRACTING EST.**
शहर: **RIYADH**

पूर्व स्वीकृत मिति: २०८०/०१/२६ चलानी नं.: ६०२०११२८ LT. No.: 285690

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० जेठ ३ गते (17 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
Tokha -05, Kathmandu Nepal, Tel: 01- 5910923
Govt Lic No.: 842/066/067
E-mail : kpintloverseas@gmail. com



# शिव सताक्षी नगरपालिका
# नगरपालिकाको कार्यालय
**व्याङ्डाडा, झापा**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति: २०८०/१/२७ गते**

यस कार्यालयबाट ठेक्का नं. 17/SM/NCB/Cons/2079/080 Construction of Incomplete Dudhe Play Ground Shivasatakshi Mun सम्बन्धमा राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा पेश भएको बोलपत्रहरुमध्ये यस कार्यालयको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र "सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्कानं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| 17/SM/NCB/Cons/2079-80 | Construction of Incomplete Dudhe Play Ground Shivasatakshi Mun | Big B. Consult and Builders, Sunasari | 51,94,200.3 |

# डोल्पामा पहिलो पटक पुग्यो यात्रुवाहक बस



**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २६ वैशाख

हिमाली जिल्ला डोल्पामा पहिलो पटक यात्रुवाहक बस पुगेको छ। सोमबार बाँकेको नेपालगन्जबाट हिँडेको बस मंगलबार डोल्पा सदरमुकाम दुनै आइपुगेको हो।

डोल्पा राष्ट्रिय सडक सञ्जालमा जोडिएपछि पहिलो पटक भेरी राप्ती यातायात प्रा.लि र नमस्ते सगरमाथा यातायात प्रा.लिको १/१ वटा बस डोल्पा आइपुगेको जिल्ला प्रशासन कार्यालयले डोल्पाले जनाएको छ।

वि.स २०७६ सालमा राष्ट्रिय सडक सञ्जालमा जोडिएयता डोल्पामा जिपले मात्रै यात्रु ओसार पसार गर्दै आइरहेको छ। केही महिनायता डोल्पा जाजरकोट सडकखण्ड अन्तर्गत डोल्पाको भेरी नदीमा बेलिब्रिज बनेसँगै डोल्पामा बस पुगेको हो।

डोल्पा जाजरकोट सडकखण्ड अन्तर्गत तल्लुबगर, मुलातार, दामाचौरसहित अन्य खोलामा पुल छिट्टै बने डोल्पा-नेपालगञ्ज सहजै यात्रा गर्न सकिने डोल्पाबासीको भनाइ छ। सहजै बस नपुग्दा डोल्पाबासी चर्को भाडा तिरेर जिपको यात्रा गर्न बाध्य छन्। बस पुगेसँगै अब डोल्पामा जिप व्यवसायीहरुको सिण्डिकेट अन्त्य हुने देखिएको छ।

# अवैध क्रसर उद्योग नियन्त्रणमा नियमनकारी निकाय मौन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ वैशाख

रौतहटमा अवैध क्रसर उद्योगहरु सञ्चालन भइरहँदा समेत नियमनकारी निकाय मौन रहेको छ। जिल्लाका लाल बकैया, बागमती, चाँदी, धनसरसहितका नदीहरुमा मेसिनको प्रयोग गरी खोलाजन्य बस्तुहरु निकाली अवैध रुपमा सञ्चालित क्रसर उद्योगमा ल्याएर बिक्री वितरण गरिरहँदा समेत सम्बधित निकाय मौन रहेका छन्।



फतुवा विजयपुर, चन्द्रपुर, वृन्दावन, गढिमाई, बौधिमाई, माधवनारायण तथा दुर्गा भगवतीमा अवैध क्रसर उद्योग अहिले निर्वाध रुपमा सञ्चालनमा रहेका छन्।

उक्त अवैध क्रसर उद्योगहरु स्थानीय तहसँगको साँठगाँठमा सञ्चालन भइरहेको स्थानीयहरु बताउँछन्। अवैध क्रसर उद्योगलाई नियमनकारी निकाय जिल्ला समन्वय समितिसहित स्थानीय प्रहरी प्रशासनबाट नियमित रुपमा अनुगमन गरेर कारवाहीको दायरामा ल्यानुपर्ने हो तर ती निकायहरु नै मौन बसेका छन्। खोलामा मेसिनको प्रयोग गर्दा वातावरणीय हिसावले खोलाको धार परिवर्तन भइ बस्तीमा ठूलो जनधनको क्षति हुने गरेको छ। अवैध गिट्टी बालुवा उत्खनन् भइरहँदा सम्बन्धित निकायको ध्यान जान नसकेको भन्दै स्थानीयहरुले प्रश्न गरिरहेका छन्।

# एम्बुलेन्स र मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु

**सुरेन्द्र खत्री/मध्यान्ह**
बझाङ, २६ वैशाख

बझाङको जयपृथ्वी राजमार्ग अन्तर्गत बित्थडचिर गाउँपालिका वडा नं.६ को चिसापानीमा एम्बुलेन्स र मोटरसाइकल एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ।

एकै दिशातर्फ आइरहेको एम्बुलेन्स र मोटरसाइकल एकापसमा ठोक्किँदा मोटरसाइकल चालक २२ वर्षीय गोविन्द महरको मृत्यु भएको हो।

देउलेखबाट सुनकुडातर्फ आइरहेको देउलेख प्राथमिक स्वास्थ्य चौकीको सु.प.प्र ०१-०११ झ ३६१ नम्बरको एम्बुलेन्स र से ५ च २४२० नम्बरको मोटरसाइकल उछिन्ने क्रममा दुर्घटना भएको प्रहरी चौकी देउलेखले जनाएको छ।

घाइते महरको उपचारको लागि डडेल्धुरा लैजाँदै गर्दा बाटोमै मृत्यु भएको हो। एम्बुलेन्स चालक हर्कबहादुर ढाटलाई भने प्रहरी चौकी देउलेखले नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा बुझाएको छ। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०१/१० मा दर्ता भएको **प्रा.लि. नं. २१३६०८** को **द वन पर्सनल केयर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०१/०९ मा दर्ता भएको **प्रा.लि. नं. १३४९८७** को **कैलास मोटर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**फिदिम, पाँचथर**
**कोशी प्रदेश, नेपाल**

**सूचना प्रविधि अधिकृत पदको पुनः विज्ञापन सम्बन्धमा।**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०१/२७**

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कोशी प्रदेशको आर्थिक सहायतामा यस कार्यालयमा आवश्यक सूचना प्रविधि (IT Officer) पदको पदपूर्ति गर्न आ.व.२०७७/०७८ को विज्ञापन नं. ०२/२०७७/०७८ मार्फत दरखास्त संकलनको कार्य गरिएको र दरखास्त संकलन पश्चात लामो समय व्यतित भएको कारणले आवेदकहरु अन्य क्षेत्रमा समेत आवद्ध भइसकेको हुन सक्ने भएकोले यस अघि दरखास्त पेश गर्ने आवेदकहरु सोही दरखास्तबाट सहभागी हुन पाउने गरी तपसिल अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग भए बमोजिमका कागजातसहित दरखास्त पेश गर्नुहुन पुनःविज्ञापन गरी यो सूचना पुनः प्रकाशन गरिएको छ।

**तपसिल**ः
- **विज्ञापन नं.:-** ११/२०७९/०८०
- **पद :-** सूचना प्रविधि अधिकृत (IT Officer)
- **तह :-** स्थानीय सेवाको अधिकृत छैटौं सरह
- **आवश्यक माग संख्या :-** १ (एक)
- **योग्यता :-** लोकसेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technologies वा सो सरहको विषयमा स्नातक गरेको उपाधि प्राप्त गरेको हुनु पर्ने।
- **आवश्यक कागजात :-** व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताका प्रमाण पत्र वा नेपाल बाहिरको प्रमाण पत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण पत्र, कार्य अनुभव भए अनुभवसम्बन्धी कागजातहरु,
- **कार्यशर्त विवरण (TOR):-** फिदिम नगरपालिकाको Website:www.phidimmun.gov.np मा राखिएको सूचना अनुसारको हुने।
- **आवेदन शुल्क :-** रु ७००/- (अक्षेरुपि सातसय रुपैया मात्र)
- **उमेर :-** दरखास्त पेश गर्न तोकिएको अन्तिम दिन -मिति २०८० जेष्ठ १० गते) सम्ममा २१ वर्ष पूरा भई पुरुष आवेदकको हकमा ३५ वर्ष र महिला आवेदकको हकमा ४० वर्ष ननाघेको।
- म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।
- दरखास्त संकलनको कार्य पश्चात नियमानुसार छोटो सूची (Short list) प्रकाशन गरिनेछ। छोटो सूचीको प्रकाशनपश्चात लिखित/प्रयोगात्मक परीक्षाको मिति तोकिनेछ।
- "फिदिम नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६" अनुसार पदपूर्ति गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**हुलाक सेवा विभाग, बबरमहल, काठमाडौं, नेपाल**

**प्लाष्टिक सिल र प्लाष्टिक ट्याग खरिद गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

सूचना नं.: ५-२०७९/०८०
सूचना प्रकाशन भएको मिति : २०८०/०१/२७ गते

यस विभागलाई आ.व. २०७९/८० को लागि आवश्यक पर्ने प्लाष्टिक सिल र प्लाष्टिक ट्याग सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक सप्लायर्स/संस्था/फर्म/कम्पनीहरुलाई यो सूचना तथा दरभाउपत्र फाराममा उल्लेखित शर्त र रीत पुरा गरि सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ।

**शर्तहरु:**

१. इजाजत प्राप्त एउटै सप्लायर्स/संस्था/फर्म/कम्पनीले देहायमा उल्लेख गरिएका छुट्टा छुट्टै ठेक्काहरु मध्ये एक वा एक भन्दा बढि ठेक्कामा दरभाउपत्र पेश गर्न सक्नेछ, तर प्रत्येक ठेक्काको छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ। सिलबन्दी दरभाउपत्रको साथमा संस्था, फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, मु.अ.कर दर्ताको प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र लगायत दरभाउपत्र फाराममा पेश गर्नु भनि तोकिएका कागजपत्रहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराएर पेश गर्नुपर्ने छ।

२. इजाजत प्राप्त सप्लायर्स/संस्था/फर्म/कम्पनीले प्रत्येक सिलबन्दी दरभाउपत्रको लागि रु.१,०००/- (फिर्ता नहुने गरी) रकम देहाय बमोजिम बैंकमा दाखिला भएको सक्कलै भौचर पेश गरी दरभाउपत्र फाराम हुलाक सेवा विभाग, बबरमहल, काठमाडौंबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा खरिद गर्न सक्ने छ।
दरभाउपत्र कागजात शुल्क जम्मा गर्ने प्रयोजनको लागि विवरण :
बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखा
कार्यालयको नाम : कोष तथा लेखा नियन्त्रक कार्यालय
कार्यालय कोड नं.: ३५-८०-३३-५०२, कार्यालय खाता नं.: क-१-१-९९९
राजश्व शिर्षक नं.: १४२२९

३. दरभाउपत्र फाराम साथ देहायको विड सेक्यूरिटी रकम को.ले.नि.का. बबरमहलको नाममा रहेको १२०१२००००१००२५२४ नम्बरको नेपाल राष्ट्र बैंक थापाथली स्थित धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सोही रकम बराबर दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिनको अवधि रहेको मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाको जवानी पत्र (विड वण्ड) विड सेक्यूरिटी बापत पेश गर्नुपर्ने छ।

४. प्रथम पटक सूचना प्रकाशन भएको मितिले सिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको १२ बजेभित्र हुलाक सेवा विभाग, बबरमहल, काठमाडौंमा दर्ता भएको हुनुपर्ने छ। उक्त समय पश्चात प्राप्त भएका दरभाउपत्रलाई स्विकार गरिने छैन।

५. म्याद भित्र पर्न आएका सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएको कारणले मात्र दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

६. दरभाउपत्रको बारेमा थप जानकारी लिन आवश्यक परेमा हुलाक सेवा विभाग, बबरमहल, काठमाडौंमा सम्पर्क गर्न सकिने छ।

७. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र पेश गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य लगत्तै पछिको कार्यालय खुलेको दिनबाट हुनेछ।

८. यो सूचनामा उल्लेख नभएका कुराहरु दरभाउपत्र कागजातमा उल्लेखित शर्त, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ र प्रचलित नेपाल कानून अनुसार हुनेछ।

| ठेक्का नं. | खरिद विवरण | खरिदको प्रकार | दरभाउपत्र दस्तुर (रु.) | विड जमानत रकम (रु.) |
|---|---|---|---|---|
| PSD/G/SQ-1/2079/80 | प्लाष्टिक ट्याग | दरभाउपत्र | १,०००.०० | ३७,०००.०० |
| PSD/G/SQ-2/2079/80 | प्लाष्टिक सिल | दरभाउपत्र | १,०००.०० | ३६,०००.०० |

## यूएईको सुपरमार्केटमा रोजगारको अवसर

**कम्पनी : FINE FARE FOOD MARKET LLC** — **शहर : DUBAI**
पूर्व स्वीकृत मितिः २०७९/03/३१ — चलानी नं.: ६०१८३२७३ — LT. No.: 267374 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 5 | 35 | स. काममा दक्ष | 2000 | ७१,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२. कम्पनी : SPINNEYS DUBAI LLC** — **शहर : DUBAI**
पूर्व स्वीकृत मितिः २०७९/03/३१ — चलानी नं.: ६०१८३२७२ — LT. No.: 267373 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 12 | 44 | स. काममा दक्ष | 2000 | ७१,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८० जेठ ४ देखि १० गतेसम्म (18 to 24 May 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न,लेख्न र पढ्न सक्ने हुनुपर्नेछ।**
**उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ।**
**Cook, Butchery, Bakery सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351
श्रम इजाजत नं. ३४८/०५९/०६०

## शिव सताक्षी नगरपालिका
## नगरपालिकाको कार्यालय
**व्याङ्गडाडा, झापा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति २०८०/१/२७ गते**

यस कार्यालयबाट ठेक्का नं. 17/SM/NCB/Goods/2079/080 Procurement of Agricultural Plastic Tunnel Shivasatakshi Mun सम्बन्धमा राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा पेश भएको बोलपत्रहरुमध्ये यस कार्यालयको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र "सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| 17/SM/NCB/ Goods/2079-80 | Procurement of Agricultural Plastic Tunnel, Shivasatakshi Mun | Kedia Construction House, Biratnagar | 19,91,347.0 |



मध्यान्ह
www.madhyanhadaily.com
२७ वैशाख २०८०, बुधबार
10 May 2023, Wednesday

## सम्पादकीय

# स्थानीय सरकार बढ्दो आकर्षण

**यो महिनाको अन्तिम साता स्थानीय सरकार बनेको एक वर्ष पुरा भएको छ । २०७२ को संविधानले गरेको व्यवस्था बमोजिम गत वर्ष दोस्रोपटक स्थानीय चुनाव भएको थियो । त्यसअघि २०७४ मा पहिलोपटक चुनाव भयो । तर त्यो कार्यकाल स्थानीय सरकारबारे संरचनागत काममै धेरै समय बिताउनु परेको थियो । मुलुकको इतिहासमा पहिलोपटक स्थानीय सरकार अभ्यासमा आएकाले जनप्रतिनिधिहरूले थुप्रै समस्या खेप्नु परेको थियो । विशेषगरी कानूनी व्यवस्था र भौतिक संरचनाको अभाव जनप्रतिनिधिहरूले खेपे । त्यो भन्दा बढी आमनागरिकको मनोविज्ञानमा स्थानीय सरकारको अनुभूति हुन समय लाग्यो । तर दोस्रोपटक चुनाव हुँदै गर्दा भने स्थानीय सरकारको महत्व देखिएको थियो । यसअघि प्रदेश र संघकै सांसद हुने चाहना राख्ने नेताहरूले गत स्थानीय चुनावमा आकांक्षा राखेका थिए ।**

**त्यसले स्थानीय सरकारको महत्व स्थापित भएको बुझ्न सकिन्थ्यो । स्थानीय सरकारको महत्व दलका नेताहरूमा मात्रै नभएर आमनागरिकमा पनि बढेको थियो । त्यसैको उदाहरण थियो, गैरदलीय उम्मेद्वारीप्रतिको आकर्षण । राजधानी उपत्यका रहेको काठमाडौं महानगरमा गैरदलीय उम्मेद्वारी दिएरै बालेन्द्र शाहले मेयर जितेका थिए । उनी जस्तै धरान उपमहागनरमा हर्क साम्पाङ, धनगढी उपमहानगरमा गोपी हमाल सहित थुप्रै स्वतन्त्र उम्मेद्वारले पालिका प्रमुख जितेका थिए । ठूला दलले गठबन्धन गरेर उम्मेद्वारी दिदा पनि गैरदलीय उम्मेद्वारले जित्नु सजिलो थिएन । तर परम्परागत मत प्रवृत्ति बदलिदा गैरदलीय उम्मद्वोरहरूले जिते । त्यसैको जगमा गत मंसिरको आमनिर्वाचनमा नयाँ दलहरूले अप्रत्यासित मत पाएका छन् ।**

**एकप्रकारले बितेको साल चुनावी वर्ष बन्न पुग्यो । एकपछि अर्को चुनावले गर्दा स्थानीय सरकारको वर्षदिनबारे उति धेरै चर्चा हुन पाएन । यद्यपि काठमाडौं र धरानका मेयर सधैंभर चर्चामा रहे । कतिपय सन्दर्भमा संघीय सरकारलाई नै यी दुई मेयरले चुनौती दिए । त्यो चुनौतीबारे अनेक दृष्टिकोणबाट व्याख्या भयो । तर त्यसको सकारात्मक पक्ष भनेको स्थानीय सरकारले संवैधानिक व्यवस्था बमोजिम अभ्यास गर्न खोजेको देखियो । त्यसले निकाल्ने नतिजा भनेको बलियो स्थानीय सरकार हो । जुन समस्या अघिल्लोपटक स्थानीय सरकारका प्रमुखहरूले संस्थागत रूपमै बताउने गरेका थिए । तर उनीहरूले संघीय सरकारलाई राम्रोसँग बुझाउन सकेका थिएनन् । सँगै, बितेको एक वर्षमा कतिपय स्थानीय सरकारका पदाधिकारी र अन्य सदस्यबीच मतभेद पनि देखियो । तर यी सबै पृष्ठभूमि र गतिविधिले स्थानीय सरकारलाई बलियो बनाउन आवश्यक छ । किनकि जनतासँग सवैभन्दा नजिक जोडिने सरकार भनेकै स्थानीय सरकार हो ।**

# अबको राजनीतिक कोर्स

*नेपालको माटो र भूगोललाई समेट्न सक्ने 'वाद' चाहिएको छ । हाम्रो आफ्नै दर्शन, रणनीति र कार्यनीतिअनुसार दुई लाइन संघर्ष हुनुपर्छ । आयातित विचार र दर्शनबाट देश कहिल्यै पनि उँभो लाग्दैन ।*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

पुरानो वस्तुलाई मर्मत अनि रंगरोगनको आवश्यकता पर्दछ । त्यसैगरी पुरानो विचारलाई पनि पुनः परिभाषा चाहिन्छ । अबको राजनीति जनताकेन्द्रित राजनीति हुनुपर्छ । हिजोको राजनीति नेता र कार्यकर्ताप्रति केन्द्रित रह्यो । अबको राजनीतिले जनताको 'सेन्टिमेन्ट'लाई केन्द्रमा राख्दै राजनीतिक आख्यानलाई बदल्न सक्नुपर्छ । राजनीति भनेको चुनाव जित्नु र जिताउनु मात्रै होइन, प्रतिनिधित्वलाई पुनः परिभाषित गर्नु हो । वैकल्पिक राजनीतिले समाजको कुन वर्ग, कुन कित्ता र कस्तो स्वार्थको प्रतिनिधित्व गर्ने भन्ने कुराको यकिन गर्न सक्नुपर्छ । पुरानोले गर्न नसक्ने र नसकिने परिस्थितिको परिणाम नै नयाँप्रतिको आसक्ति हो । पुराना र नयाँ पार्टीबीचको यो संक्रमणकाललाई लामो समय दिइनु हुँदैन । यसको 'ब्रेक' आवश्यक छ ।

### नागरिकको अपेक्षा

देश विकासको लागि राजनीतिक व्यवस्थाको महत्वपूर्ण भूमिका रहन्छ । राजनीतिक स्थायित्वले मात्रै देशलाई समृद्धितर्फ डोऱ्याउँछ । नागरिकको अपेक्षालाई सम्भव तुल्याउन प्रयत्न नगर्ने हो भने त्यो व्यवस्थाले अवस्थामा कुनै परिवर्तन ल्याउन सक्दैन । सत्ता र राजनीतिमा पात्र र परिस्थिति संयोग मात्र हुन् । मुख्य कुरा त व्यवस्था नै हो । आयातित विचार र व्यवस्थाले देश, काल र परिस्थितिलाई चिन्न र बुझ्न सक्दैन । त्यसैले नागरिकको अवस्थामा बदलाव ल्याउन अगार्निक व्यवस्था नै चाहिन्छ ।

तर बिडम्बना त्यो प्रक्रियामा ऐतिहासिक पृष्ठभूमि, त्याग, निष्ठा र इमान्दारीको कुनै मूल्यमान्यता हुँदैन । आफू, आफ्नो परिवार, आफन्त, आसेपासेको उपस्थिति र सहभागिताले वर्चस्व जमाउँदछ । कुरा लोकतान्त्रिक पद्धतिको गर्छन्, काम चाहिँ अधिनायकवादी चरित्रको गर्छन् । संगठनात्मक पद्धतिको कुरा गर्छन्, तर मनोमानी र अपारदर्शी ढंगले निर्णय लिन्छन् । सत्यता थाहा हुँदाहुँदै पनि दबेर वस्नु र चुपचाप सहनुको विकल्प हुँदैन । एकाधिकारीको तावेदारीबाट प्राप्त पद र प्रतिष्ठामा चित्त बुझाउनुपर्छ । राजनीतिमा योग्यता भनेको दृष्टिकोण, निष्ठा, निरन्तरता, अनुशासन, असल चालचलन, इमान्दारी, पारदर्शिता आदि हुन् । राजनीति संस्कार नैतिक धरातलमा आधारित हुन्छ र जनताप्रतिसमर्पित हुन्छ ।

सैद्धान्तिक धरातलमा आधारित राजनीति विचार, कार्यदिशा, योजना, निर्णय र पद्धतिका आधारमा चल्दछ । सिद्धान्त नभएको राजनीतिले जनसाधारणलाई रनभुल्लमा पार्दछ । यसले मुर्दा शान्तिको वातावरण बनाउँछ र सपनाहरूको मृत्यु गराउँछ । राजनीतिमा सिद्धान्तले ठूलो अर्थ राख्दछ । यो दिशा निर्देशक हो । कुनै पनि संगठनलाई कुन दिशा, कुन गन्तव्य र कुन समाजमा पुऱ्याउने भन्ने निक्यौंल गर्न सिद्धान्तले महत्वपूर्ण भूमिका खेल्दछ । सही सिद्धान्तप्रति जनताको आकर्षण हुन्छ । सही सिद्धान्तले राजनीतिक पार्टीलाई समय र परिस्थितिअनुसार चलायमान बनाउँछ । सिद्धान्तविहीन राजनीति भएका पार्टी समाजबाट निषेध हुन्छन् । सिद्धान्तकै आधारमा कुनै पनि पार्टीको आयु तय हुन्छ ।

आज वरिपरि मात्र चक्कर लगाउने यी संसदवादी पार्टीबीच कुनै तात्विक भिन्नता छैन । जुन जोगी आए पनि कानै चिरेका भएका छन् । जताबाट क्षणिक फाइदा हात लाग्छ उतै पल्टाखाने संसदवादी पार्टीको नियति बनेको जगजाहेर नै छ । 'समृद्ध नेपाल, सुखी नेपाली' नारा सुगा रटानमा मात्र सीमित छ । विगतका दिनमा धेरै राजनीतिक अभ्यास भए, तर त्यस्ता अभ्यासको प्रतिफल सर्वसाधारणलाई प्राप्त भएन । राजनीतिले नै हरेक नीति निर्माणमा निर्णायक भूमिका खेल्दछ । राजनीति परिवर्तनका लागि हो । तर, नेपालका संसदवादी पार्टी र तिनका नेताको राजनीतिले देश अगाडि बढ्नेवाला छैन । तिनका सबै प्रकारका राजनीतिक क्रान्तिबाट अब नेपालीहरू बेलैमा मुक्त हुनुपर्छ ।

समाजभित्रकै जटिलता र अन्तरसंघर्षको बीचबाट नयाँ शक्तिको खोजी हुनेगर्छ । यो समाज विकासको एउटा विज्ञानसम्मत नियम नै हो । नयाँ भन्नु एउटा जिज्ञासा हो र त्यही जिज्ञासा आशा पनि हो । जनताको



*सत्ता र राजनीतिमा पात्र र परिस्थिति संयोग मात्र हुन् । मुख्य कुरा त व्यवस्था नै हो । आयातित विचार र व्यवस्थाले देश, काल र परिस्थितिलाई चिन्न र बुझ्न सक्दैन । त्यसैले नागरिकको अवस्थामा बदलाव ल्याउन अगार्निक व्यवस्था नै चाहिन्छ ।*

'सेन्टिमेन्ट' नभन्ने र गतिशीलता कायम राख्न नसक्ने राजनीतिक पार्टी चाँडै इतिहासको विषय समेत बन्ने गरेका दृष्टान्त हाम्रा सामु छन् ।

अहिले हामी सुधारिएको संसदीय प्रणालीमा छौं । यो व्यवस्थाले सरकारको स्थायित्वमा चुनौती थपेको छ । जहाँसम्म शासन व्यवस्थाको प्रश्न छ, त्यो प्रत्यक्ष कार्यकारी शासकीय स्वरूपको हुनुपर्छ । नेपाली राजनीति आफ्नै विशिष्टता र विशेषतामा अगाडि बढनु जरूरी छ । हाम्रो मौलिक क्षमता के हो ? हाम्रो मौलिक क्षमता विकास गर्न बढी सजिलो कुन क्षेत्रमा छ ? अरुभन्दा अब्बल बन्न सक्ने स्थितिमा कसरी पुग्न सकिन्छ ? नेपाललाई चाहिएको समृद्धि कस्तो हो ? यसबारे गम्भीर बहस छलफल प्रारम्भ गरिनुपर्छ ।

देश विकासको लागि जनताले खोजेजस्तो र चाहेजस्तो स्पष्ट आधारसहितको मार्गचित्र आवश्यक छ । देश बनाउने हो भने महत्वकांक्षी योजना ल्याउनैपर्छ र यो सम्भव पनि छ । हचुवा र देखावटीमा प्राप्त हुने चीज होइन समृद्धि । चिल्ला र मीठा कुराले मात्र देश बन्दैन ।

### सिद्धान्तविहीन राजनीति

निर्माणमा राजनीतिले असल शासन प्रणाली र स्थिर सरकार प्रमुख एवम् महत्वपूर्ण भूमिका खेल्दछ । राजनीतिको राज्यसत्ता सञ्चालन कल्पना वास्तविक लक्ष्य राष्ट्र निर्माण स्वम् भौतिक विकास हुनुपर्छ । तर, अफसोच वर्तमान नेपाली राजनीतिबाट देशप्रेम वा राष्ट्रभक्तिको भावना मरेको छ । नेपालका राजनीतिक पार्टीहरूको आ-आफ्नै सैद्धान्तिक धरातल छ । सिद्धान्त फरक-फरक भन्ने तर सत्तास्वार्थमा सबै लिप्त हुने प्रवृत्ति हावी भएको छ । तालमेल वा गठबन्धन एक प्रकारको राजनीतिक 'सिन्डिकेट' नै हो । यसले नेपालको राजनीतिमा अब विचार धाराको इन्द्र समाप्त भएको संकेत गरेको छ । सत्ताको राजनीति गर्न पुग्दा सिद्धान्त र आदर्श सकिएको छ । सिद्धान्तविहीन राजनीतिले जनअपेक्षित पहिल्याउन सक्दैन । शासन व्यवस्थाको गन्तव्य सिद्धान्तविहीन राजनीतिमा त्यागी र निष्ठावान् नेता तथा कार्यकर्ताको स्थान हुँदैन । सिद्धान्त बिनाका पार्टी र तिनका नेतृत्व स्वेच्छाचारी तरिकाले चल्ने गर्छन् ।

